छार्का ताङसोङ गाउँपालिका
ཚྭ་དཀར་སྟེང་ཤོང་གྲོང་སྡེ་ལྷན་ཁང་།
Chharka Tangsong Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
कागकोट, डोल्पा
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**छार्का ताङसोङ गाउँपालिकाद्वारा प्रकाशित**

**(खण्ड ७) संख्या २, २०८०/०८/१६**


## भाग-१

## छार्का ताङसोङ गाउँपालिका प्राविधिक कर्मचारीहरूको फिल्ड सुविधा कार्यविधि,२०८०

प्रस्तावना:

छार्का ताङसोङ गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँपालिका बाट सञ्चालित विकास योजनाहरु तथा कार्यक्रमहरुको लागत अनुमान, अनुगमन, मापन तथा समन्वय गर्ने प्रयोजनका लागी प्राविधिक कर्मचारीले प्राप्त गर्ने फिल्ड भत्ताको सुविधालाई व्यवस्थित गर्ने बान्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोज गरी छार्का ताङसोङ गाउँ पालिकाको मिति २०८० मङ्सीर १६ गतेको कार्यपालिकाको निर्णयद्वारा यो छार्का ताङसोङ गाउपालिका प्राविधिक कर्मचारी फिल्ड सुविधा कार्यविधि २०८० जारी गरेको छ।

१. सक्षिप्त नाम र प्रारम्भाः (क) यस कार्यविधिको नाम "छार्का ताङसोङ गाउँपालिका प्राविधिक कर्मचारीहरूको फिल्ड सुविधा कार्यविधि २०८०" रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "योजना" भन्नाले छार्का ताङसोङ गाउँपालिका भित्र सञ्चालित योजनाहरु सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले छार्का ताङसोङ गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) “प्राविधिक कर्मचारी” भन्नाले पूर्वाधार विकास शाखा अन्तरगत कार्यरत स्थायी र करार सेवा अन्तरगत कार्यरत ईन्जिनियर, सव ईन्जिनियर र असिष्टेन्ट सव ईन्जिनियर सम्झनु पर्दछ।

(घ) फिल्ड भिजिट भन्नाले फिल्ड स्थलगत भिजिटलाई सम्झनु पर्दछ।

३. फिल्ड भत्ता प्राप्त गर्ने आधारः (क) यस कार्यविधि वमोजिमको भत्ता प्राप्त गर्न सम्बन्धित कर्मचारीले मासिक रुपमा कार्यालयमा हाजिर भई काम गरेको हुनुपर्नेछ। आवश्यक पर्दा कार्यालयले जुनसुकै बखत लगाएको काम निजले गरेको हुनुपर्नेछ।

(ख) भत्ता प्रदान गर्ने प्रयोजनका लागि प्राविधिक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण शाखा प्रमुखले तयार गरी प्रशासन मार्फत पेश गर्नु पर्दछ।

(ग) उपदफा (क) बमोजिम काम गरेका कर्मचारीहरु र उपदफा (ख) बमोजिम पेश गरेको विवरण स्वीकृत भए पश्चात कर्मचारीले आफ्नो पद, तह, स्तर अनुसार देहाय बमोजिम एकमुष्ट मासिक फिल्ड भत्ता प्राप्त गर्नेछनः

| सि.न. | पद, तह, स्तर | प्राप्त हुने फिल्ड भत्ता(रू) |
|---|---|---|
| १ | ईन्जिनियर (अधिकृतस्तर) | १३००० |
| २ | सव-ईन्जिनियर (सहायकस्तर पाचौं) | १२००० |
| ३ | असिष्टेन्ट सव-ईन्जिनियर (सहायकस्तर चौथो) | ११००० |

४. **भुक्तानीः** (क) दफा ३ बमोजिमको फिल्ड सुविधा प्राप्त गर्न अनुसूची १ र अनुसूची २ बमोजिमको ढाँचामा सम्बन्धित प्राविधिक कर्मचारीले शाखा प्रमुखलाई आफ्नो कामको प्रतिवेदन अनुसुची बमोजिम पेश गर्नु पर्दछ । शाखा प्रमुखले प्रशासन शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्नु पर्दछ।

(ख) मासिक फिल्ड भ्रमण फाँटबारीको मूल्याङ्कन एवम् स्विकृत गरी फिल्ड भत्ता बजेट शिर्षक वा कन्टिन्जेन्सिबाट उपलब्ध गराईनेछ।

(ग) प्रचलित कानुन बमोजिम घर विदा, विरामी विदा, अध्ययन विदा, प्रसुति स्याहार विदा, असाधारण विदामा रहेका प्रविधिक कर्मचारीलाई विदामा रहेको दिनको बराबरको फिल्ड भत्ता बाहेकको रकम भुक्तानी गरिनेछ।

५. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा भएको व्यवस्था संघीय वा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य र बदर भई प्रचलित कानून बमोजिम हुनेछ।

६. **बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो बाधा अडकाउ फुकाउने पूर्ण अधिकार छार्का ताङसोङ गाउँ कार्यपालिकालाई हुनेछ।

७. **संशोधनः** यस कार्यविधिमा संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकालाई हुनेछ।

८. **बचाउः** यो कार्यविधि जारी हुनु अघि भएको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

अनुसूचि १

छार्का ताङसोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कागकोट, डोल्पा

कर्णाली प्रदेश, नेपाल

## <u>फिल्ड आदेश</u>

मितिः

दर्ता नः

चलानी नः

१. नामः

२. पदः

३. कार्यालयः छार्का ताङसोङ गाउँ कार्यपालिकाको कार्यालय, कागकोट डोल्पा।

४. फिल्ष जाने स्थानः

५. वडा नः

६. योजनाको नंम्वर र नामः

७. फिल्ड भ्रमणको उदेश्यः

८. फिल्ड भ्रमण गर्ने अवधिः मिति देखि सम्म।

९. फिल्ड गर्ने साधनः

१०.फिल्ड भ्रमण सम्बन्धी अन्य आदेशः नियमानुसार

................................ ....................................

(भ्रमण गर्ने) (भ्रमण स्वीकृत गर्ने पदाधिकारी)

आर्थिक प्रशासन शाखाको प्रयोजका लागि

फिल्ड भ्रमण खर्च

बजेट नं. ................................ बाट नगद चेक नं. ...................................... रु. .............
........................ अक्षेरेपी ........................................................................... दिएको छ।

बुझिलिनेको सहिः .......................... आर्थिक प्रशासन शाखाः ......................

मितिः मितिः

अनुसूचि २

छार्का ताङसोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कागकोट, डोल्पा

कर्णाली प्रदेश, नेपाल

**दफा ४ को उपदफा (क) सगँ सम्बन्धित**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू मितिः

छार्का ताङसोङ गाउँ कार्यपालिकाको कार्यलय

कागकोट, डोल्पा

**बिषयः मासिक फिल्ड भ्रमण फाटबारी**

मिति ............ साल................महिनामा यस छार्का ताङसोङ गाउँपालिका अन्तर्गतका निम्न वडा योजनाहरुमा निम्नानुसार फिल्ड भ्रमण गरेको व्यहोरा अनुरोध छ।

| सि.न. | योजनाको नाम | फिल्ड भ्रमण गरिएको वडा नं. र ठाउँ | मिति | सम्पादित मुख्य काम | सुझावहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| पेश गर्नेको | रुजु गर्नेको | स्वीकृत गर्नेको |
|---|---|---|
| नाम थरः | नाम थरः | नाम थरः |
| दर्जाः | दर्जाः | दर्जाः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |

स्वीकृत मितिः २०८०-०८-१६

आज्ञाले,

अमरराज सेजुवाल

प्रमुख प्रशासकीय अधिकृत